संघीय संसद

राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

मिति : २०७५/०६/०५

बैठक संख्या : ५

## निर्णय

१. समितिको आजको बैठकमा राष्ट्रिय गौरवका आयोजनाहरुको सम्बन्धमा छलफल हुँदा २१ ओटा राष्ट्रिय गौरवका आयोजनाहरु नेपाल सरकारका विभिन्न पाँचओटा विषयगत मन्त्रालयहरु अन्तर्गत रहेकोले समितिको मिति २०७५/०६/११ र १२ गते बस्ने बैठकमा माननीय मन्त्रीज्यूहरुको कार्यब्यस्तता समेतलाई मध्यनजर गरी माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीज्यू, माननीय खानेपानी मन्त्रीज्यू, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यू, माननीय वन तथा वातावरण मन्त्रीज्यू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रीज्यू, तथा सम्बन्धीत आयोजनाका प्रमुखहरुलाई समेत आमन्त्रण गरी छलपल गर्ने र मेलम्ची खानेपानी आयोजना तथा काठमाण्डौ तराई-मधेस द्रुतमार्गको क्रमशः २०७५/०६/१४ गते र २०७५/०६/१५ गते समितिको तर्फबाट स्थलगत अनुगमन गर्ने निर्णय भयो । मिति २०७५/०६/१४ र १५ गतेको उक्त स्थलगत अनुगमन भ्रमणको लागि आवश्यक तयारी गर्न समेत समिति सचिवालयलाई निर्देशन दिने ।

२. दशै, तिहार छठ, नेपाल सम्वत् बकर ईद, ल्होसार लगायतका महत्वपूर्ण चाडपर्वहरुको आगमनसंगै हरेक वर्ष वजारमा दैनिक उपभोग्य बस्तुहरुको कृत्रिम अभाव सृजना गरी कालावजारी हुने गरेको साथै सुरक्षा व्यवस्था समेत कमजोर हुने गरेको सन्दर्भमा देशभर शान्ति सुव्यवस्था कायम गर्न साथै कृत्रिम अभाव सृजना हुन नदिई कालाबजारी रोक्न नेपाल सरकार गृह मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

३. दशै, तिहार छठ, नेपाल सम्बत् बकर ईद, ल्होसार लगायतका महत्वपूर्ण चाडपर्वहरुको अवसरमा यात्रुहरुको आवागमन अत्याधिक हुने गरेको सन्दर्भलाई मध्यनजर राखि यात्रुहरुलाई सहज ढंगले आवागमनको व्यवस्थापन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिने ।

राष्ट्रिय सरोकार तथा समन्वय समिति